आज मिति २०८२ साल पुष २९ गते मङ्गलबारको दिन सुनकोशी गाउँ कार्यपालिकाका अध्यक्ष श्री कमल तामाङज्यूको अध्यक्षतामा तपसिलका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथि छलफल गरी निर्णयहरु गरियो ।

**उपस्थितिः-**

| **क्र.सं.** | **नाम थर** | **पद** | **हस्ताक्षर** |
|---|---|---|---|
| १. | श्री कमल तामाङ | अध्यक्ष | |
| २. | श्री सुनिता अधिकारी | उपाध्यक्ष | |
| ३ | श्री प्रकाश सापकोटा | वडा अध्यक्ष, १ नं. वडा | |
| ४. | श्री खिल बहादुर तामाङ | वडा अध्यक्ष, २ नं. वडा | |
| ५. | श्री गिर्बराज थापा मगर | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६. | श्री टायन्द्र राई | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७. | श्री गोबिन्द राम तामाङ | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८. | श्री बिष्णु आले मगर | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९. | श्री चेत बहादुर कटवाल | वडा अध्यक्ष, ७ नं. वडा | |
| १०. | श्री गुणराज भट्टराई | वडा अध्यक्ष, ८ नं. वडा | |
| ११. | श्री हितराज कार्की | वडा अध्यक्ष, ९ नं. वडा | |
| १२. | श्री छविरमण धमला | वडा अध्यक्ष, १० नं. वडा | |
| १३. | श्री जमुना घिमिरे | कार्यपालिका सदस्य | |
| १४. | श्री लक्ष्मी बानियाँ (खत्री) | कार्यपालिका सदस्य | |
| १५. | श्री सिर्जना पौडेल (दाहाल) | कार्यपालिका सदस्य | |
| १६. | श्री शुशिला श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १७. | श्री होम बहादुर बि.क. | कार्यपालिका सदस्य | |
| १८. | श्री लोकेन्द्र बहादुर राई | सचिव | |

लोकेन्द्र बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्तावहरुः-**

१. अघिल्लो कार्यपालिका बैठकको निर्णय कार्यन्वयन सम्बन्धमा,
२. चञ्चलादेवी मन्दिर निर्माण आयोजनाको भेरियशन सम्बन्धमा,
३. गाउँपालिकाको नाममा जग्गा कायम गर्ने सम्बन्धमा,
४. सेवा करार कर्मचारीहरुको करार सम्झौता सम्बन्धमा,
५. सेवा करार कर्मचारीहरुको तलब भत्ता सम्बन्धमा,
६. वडा कार्यालयहरुको केन्द्रको स्थान सम्बन्धमा,
७. स्वास्थ्य संस्थाहरुको स्थापना र संचालन सम्बन्धमा,
८. सामुदायिक स्वास्थ्य सेवा इकाई सम्बन्धमा,
९. सुनकोशी गाउँपालिकाको सङ्गठन तथा सर्वेक्षण प्रतिवेदन-२०८२ सम्बन्धमा,
१०. गाउँपालिकास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सञ्चालन खर्च सम्बन्धमा,
११. बजेट तथा कार्यक्रम थप तथा संसोधन गर्ने सम्बन्धमा,
१२. विज्ञापन व्यवस्थापन तथा नियमन सम्बन्धी विधेयक, २०८२ स्वीकृत गर्ने सम्बन्धमा,
१३. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी विधेयक, २०८२ स्वीकृत गर्ने सम्बन्धमा,
१४. वातावरण तथा प्राकृतिक स्रोत संरक्षण सम्बन्धी विधेयक, २०८२ स्वीकृत गर्ने सम्बन्धमा,
१५. सार्वजनिक खरिद नियमावली, २०८२ स्वीकृत गर्ने सम्बन्धमा,
१६. आधारभूत तह शिक्षा (कक्षा आठ) परीक्षा सञ्चालन तथा प्रमाणीकरण कार्यविधि, २०८२ स्वीकृत गर्ने सम्बन्धमा,
१७. सेवा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०८२ स्वीकृत गर्ने सम्बन्धमा,
१८. अनुगमन तथा सुपरीवेक्षण समितिको कार्य सञ्चालन कार्यविधि, २०८२ स्वीकृत गर्ने सम्बन्धमा,
१९. विषयगत समिति (कार्यसञ्चालन) कार्यविधि, २०८२ स्वीकृत गर्ने सम्बन्धमा,
२०. टोल विकास संस्था (गठन तथा संचालन) कार्यविधि, २०८२ स्वीकृत गर्ने सम्बन्धमा,
२१. बाल कोष (स्थापना र सञ्चालन) कार्यविधि, २०८२ स्वीकृत गर्ने सम्बन्धमा,
२२. स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ स्वीकृत गर्ने सम्बन्धमा,
२३. स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नवीकरण सम्बन्धी निर्देशिका, २०८२ स्वीकृत गर्ने सम्बन्धमा,
२४. लेखा समिति गठन तथा कार्यसञ्चालन कार्यविधि, २०८२ स्वीकृत गर्ने सम्बन्धमा,
२५. बेरुजु फछ्यौंट कार्यविधि, २०८२ स्वीकृत गर्ने सम्बन्धमा,
२६. गाउँ सभा सचिवालय स्थापना तथा कार्यसञ्चालन कार्यविधि, २०८२ स्वीकृत गर्ने सम्बन्धमा,
२७. गैह्र सरकारी संस्था सहकार्य सम्बन्धी निर्देशिका, २०८२ स्वीकृत गर्ने सम्बन्धमा,
२८. कार्य सञ्चालन निर्देशिका, २०८२ स्वीकृत गर्ने सम्बन्धमा,
२९. सार्वजनिक सेवा प्रवाह मापदण्ड, २०८२ स्वीकृत गर्ने सम्बन्धमा,

लोकेन्द्र बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत

३०. आ.व. २०८२/८३ को बजेट तथा कार्यक्रम थप तथा संशोधन गर्ने सम्बन्धमा,
३१. विद्यालयलाई जग्गा प्राप्तिको लागि सिफारिस दिने सम्बन्धमा,
३२. आर्थिक सहायता सम्बन्धमा,
३३. गरीबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन सम्बन्धमा,
३४. विविध सम्बन्धमा।

निर्णयहरुः-

१. प्रस्ताव नं. १ को सम्बन्धमा छलफल गर्दा सुनकोशी गाउँपालिकाको गाउँ कार्यपालिकाको अघिल्लो बैठकहरुमा निर्णय गरिएका निर्णयहरु प्रभावकारी रूपमा कार्यन्वयन भएको भनी समिक्षा गरियो।

२. प्रस्ताव नं. २ को सम्बन्धमा छलफल गर्दा सुनकोशी गाउँपालिकाको **ठूलीपोखरी चन्चलादेवी मन्दिर निर्माण** योजनाको ठेक्का नं. **11/NCB/TBCWORKS/SRM/081/82** को मिति २०८२/०४/२३ मा गाउँपलिका र श्री **Triune Engineering and Builders Pvt. Ltd., Bhaktapur** बीच रु. ६३,८८,३३५.८७ मा सम्झौता भई निर्माण कार्य भईरहेकोमा निर्माण कार्य गर्न क्रममा Bill of Quantity (BoQ) मा भएको Items को परिमाणमा फरक पर्न गएकोले सार्वजिनक खरिद ऐन, २०६३ को दफा ५४ बमोजिम तपसिल बमोजिम सो आयोजनाको भेरियशन आदेश स्वीकृत भनी निर्णय गरियो।

तपसिलः-

| भेरियसन आदेश नं. १ | | | |
|---|---|---|---|
| **क्र.सं.** | **विवरण** | | **कैफियत** |
| १. | ठेक्का नं. | 11/NCB/TBCWORKS/SRM/081/82 | |
| २. | निर्माण व्यवसायीको नाम | **Triune Engineering and Builders Pvt. Ltd., Bhaktapur** | |
| ३. | ठेक्का स्वीकृत गर्ने अधिकारी | प्रमुख प्रशासकीय अधिकृत | |
| ४. | ठेक्का सम्झौता मिति | २०८२/४/२३ | |
| ५. | ठेक्का सम्पन्न हुनुपर्ने मिति | २०८२/१०/२३ | |
| ६. | सुरु लागत अनुमान (VAT & PS सहित) | ८०,५९,००९.९२ | |

लोकेन्द्र बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| ७. | संशोधित लागत अनुमान (VAT & PS सहित) | ९९,०८,१८७.७२ | गाउँ कार्यपालिकाको कार्यालय सुनकोशी गाउँपालिका मुलखर्क, ओखलढुङ्गा कोशी प्रदेश, नेपाल |
| ८. | सुरु सम्झौता रकम (VAT & PS सहित) | ६३,८८,७८३.३९ | |
| ९. | संशोधित सम्झौता रकम (VAT & PS सहित) | ७८,३०,५३०.०१ | |
| १०. | सुरुको लागत अनुमानमा भएको थप/घट (%) | २६% | थप |
| ११. | सुरुको सम्झौता रकममा भएको थप/घट (%) | २२.९३% | थप |
| १२. | भेरियसन गर्दा नयाँ आईटमको दररेट कायम गर्नुपर्ने/ नपर्ने | नपर्ने | |
| १३. | भेरियसनमा थप हुने आर्थिक दायित्वको व्यवस्था सम्बन्धमा | १४,४२,१९४.१४ | थप रकम |

३. प्रस्ताव नं. ३ को सम्बन्धमा छलफल गर्दा सुनकोशी गाउँपालिकाको वडा नं.१ (साबिक बलखु गा.वि.स. वडा नं. ८) रहेको कित्ता नं. ५०, १७७ र १७८ को सार्वजनिक जग्गालाई गाउँपालिकाले भोग चलन गर्ने गरी सामुदायिक भवन तथा पोखरी बगैचा निर्माण गरी प्रयोग गर्ने प्रयोजन यस सुनकोशी गाउँपालिकाको नाममा दाखिला गर्न जिल्ला प्रशासन कार्यालय, ओखलढुङ्गा, नापी कार्यालय, ओखलढुङ्गा र मालपोत कार्यालय, ओखलढुङ्गालाई अनुरोध गर्ने भनी निर्णय गरियो।

४. प्रस्ताव नं. ४ को सम्बन्धमा छलफल गर्दा सुनकोशी गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु र स्वास्थ्य संस्थाहरुमा सेवा करारमा कार्यरत सम्पूर्ण कर्मचारीहरुको करार सम्झौता म्याद यही मिति २०८२ साल पुस मसान्तमा समाप्त हुने र कर्मचारीहरुको कार्यसम्पादन सन्तोषजनक रहेकोले मिति २०८३ साल असार मसान्तसम्म करार सम्झौताको म्याद थप गर्ने भनी निर्णय गरियो।

५. प्रस्ताव नं. ५ को सम्बन्धमा छलफल गर्दा सुनकोशी गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु र स्वास्थ्य संस्थाहरुमा सेवा करारमा कार्यरत सम्पूर्ण कर्मचारीहरुलाई २०८२ साल माघ महिनादेखि नेपाल सरकारले तोकेको तलब स्केल बराबर पारिश्रमिक दिने भनी निर्णय गरियो।

लोकेन्द्र बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत

६. प्रस्ताव नं. ६ को सम्बन्धमा छलफल गर्दा सुनकोशी गाउँपालिकाको देहायको वडाहरुको केन्द्रको साविक पुरानै गा.वि.स. नाम प्रयोग हुदै आएकोमा वडाहरुको कार्यालय भएका गाउँ/टोलको नामहरु वडाहरुको केन्द्रको रुपमा प्रयोग गर्नु उपयुक्त देखिएकोले वडा समितिको निर्णय सिफारिस बमोजिम गाउँ सभाबाट पारित गर्न पेश गर्ने भनी भनी निर्णय गरियो।

देहायः-

| क्र.सं. | वडा | केन्द्र रहने गाउँ/ठाउँ | कैफियत |
|---|---|---|---|
| १. | वडा नं. ४ | डाँडा जेरुङ |  |
| २. | वडा नं. ७ | ठूली पोखरी |  |
| ३. | वडा नं. ८ | मानेडाँडा |  |
| ४. | वडा नं. ९ | कोष हाट |  |
| ५. | वडा नं. १० | कमल पोखरी |  |

७. प्रस्ताव नं. ७ को सम्बन्धमा छलफल गर्दा सुनकोशी गाउँपालिकाको देहायको वडाहरुमा स्वास्थ्य चौकीहरु नभएका र नेपाल सरकारको एक वडा एक स्वास्थ्य संस्था नीति रहेकोले देहाय वडाहरुमा स्थायी स्वास्थ्य संस्था स्थापना र सञ्चालन गर्ने भनी निर्णय गरियो।

**देहायः-**

| क्र.सं. | वडा | स्वास्थ्य संस्था | कैफियत |
|---|---|---|---|
| १. | वडा नं. २ | आधारभूत स्वास्थ्य सेवा केन्द्र, आरुभञ्ज्याङ |  |
| २. | वडा नं. ४ | आधारभूत स्वास्थ्य सेवा केन्द्र, डाडाँ जेरुङ |  |
| ३. | वडा नं. ६ | आधारभूत स्वास्थ्य सेवा केन्द्र, खानीगाउँ पारा |  |
| ४. | वडा नं. ८ | आधारभूत स्वास्थ्य सेवा केन्द्र, मानेडाँडा |  |
| ५. | वडा नं. १० | आधारभूत स्वास्थ्य सेवा केन्द्र, कुशादेवी |  |

८. प्रस्ताव नं. ८ को सम्बन्धमा छलफल गर्दा सुनकोशी गाउँपालिकाको देहायको वडाहरुको देहायको स्थानहरुमा अस्थायी रुपमा सामुदायिक स्वास्थ्य सेवा इकाई स्थापना र सञ्चालन गर्ने भनी निर्णय गरियो। **देहायः-**

| क्र.सं. | स्वास्थ्य संस्था | स्वास्थ्य संस्था सञ्चालन हुने स्थान | कैफियत |
|---|---|---|---|
| १. | सामुदायिक स्वास्थ्य सेवा इकाई | सुनकोशी गाउँपालिका-६, भुल्के |  |
| २. | सामुदायिक स्वास्थ्य सेवा इकाई | सुनकोशी गाउँपालिका-९, कुकनी |  |

लोकेन्द्र बहादुर साँई
प्रमुख प्रशासकीय अधिकृत

सुनकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मुलखर्क, ओखलढुङ्गा
कोशी प्रदेश, नेपाल

९. प्रस्ताव नं. ९ को सम्बन्धमा छलफल गर्दा सुनकोशी गाउँपालिकाको सङ्गठन तथा सर्वेक्षण प्रतिवेदन-२०८२ स्वीकृत गरी गाउँ सभामा पेश गर्ने भनी निर्णय गरियो।

१०. प्रस्ताव नं. १० को सम्बन्धमा छलफल गर्दा सुनकोशी गाउँपालिकाको गाउँपालिकास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता- २०८२ यही मिति २०८२ साल माघ १५, १६ र १७ गते सञ्चालन हुने भनी निर्णय भएकोले सो रनिङशिल्ड प्रतियोगिता सञ्चालन गर्न बजेट तथा कार्यक्रममा रु. १८,००,००० (अठार लाख) विनियोजन भएकोमा रु. ५,००,००० (पाँच लाख) सञ्चालन खर्च, रु. १३,००,००० (तेह्र लाख) विद्यालयहरुलाई मुलखर्क खेलमैदानबाट विद्यालयसम्मको औषत दुरी र सहभागी खेलाडी विद्यार्थीको आधारमा सहभागी खर्चको रुपमा प्रयोग गर्ने र रु. ५,००,००० (पाँच लाख) बजेट विद्यार्थी खेलाडीहरुहरुको लागि जर्सी सेट खरिद गर्न व्यवस्थापन गर्ने भनी निर्णय गरियो।

११. प्रस्ताव नं. ११ को सम्बन्धमा छलफल गर्दा सुनकोशी आ.व. २०८२/८३ को बजेट तथा कार्यक्रम थप तथा संशोधन गरी सभामा पेश गर्ने भनी निर्णय गरियो।

१२. प्रस्ताव नं. १२ को सम्बन्धमा छलफल गर्दा सुनकोशी गाउँपालिकाको विज्ञापन व्यवस्थापन तथा नियमन सम्बन्धी विधेयक, २०८२ स्वीकृत गरी गाउँ सभामा गर्ने भनी निर्णय गरियो।

१३. प्रस्ताव नं. १३ को सम्बन्धमा छलफल गर्दा सुनकोशी गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी विधेयक, २०८२ स्वीकृत गरी गाउँ सभामा गर्ने भनी निर्णय गरियो।

१४. प्रस्ताव नं. १४ को सम्बन्धमा छलफल गर्दा सुनकोशी गाउँपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण सम्बन्धी विधेयक, २०८२ स्वीकृत गरी गाउँ सभामा गर्ने भनी निर्णय गरियो।

१५. प्रस्ताव नं. १५ को सम्बन्धमा छलफल गर्दा सुनकोशी गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०८२ स्वीकृत गर्ने भनी निर्णय गरियो।

१६. प्रस्ताव नं. १६ को सम्बन्धमा छलफल गर्दा सुनकोशी गाउँपालिकाको आधारभूत तह शिक्षा (कक्षा आठ) परीक्षा सञ्चालन तथा प्रमाणीकरण कार्यविधि, २०८२ स्वीकृत गर्ने भनी निर्णय गरियो।

१७. प्रस्ताव नं. १७ को सम्बन्धमा छलफल गर्दा सुनकोशी गाउँपालिकाको सेवा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०८२ स्वीकृत गर्ने भनी निर्णय गरियो।

लोकेन्द्र बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत

१८. प्रस्ताव नं. १८ को सम्बन्धमा छलफल गर्दा सुनकोशी गाउँपालिकाको अनुगमन तथा सुपरीवेक्षण समितिको कार्य सञ्चालन कार्यविधि, २०८२ स्वीकृत गर्ने भनी निर्णय गरियो।

१९. प्रस्ताव नं. १९ को सम्बन्धमा छलफल गर्दा सुनकोशी गाउँपालिकाको विषयगत समिति (कार्यसञ्चालन) कार्यविधि, २०८२ स्वीकृत गर्ने भनी निर्णय गरियो।

२०. प्रस्ताव नं. २० को सम्बन्धमा छलफल गर्दा सुनकोशी गाउँपालिकाको टोल विकास संस्था (गठन तथा संचालन) कार्यविधि, २०८२ स्वीकृत गर्ने भनी निर्णय गरियो।

२१. प्रस्ताव नं. २१ को सम्बन्धमा छलफल गर्दा सुनकोशी गाउँपालिकाको बाल कोष (स्थापना र सञ्चालन) कार्यविधि, २०८२ स्वीकृत गर्ने भनी निर्णय गरियो।

२२. प्रस्ताव नं. २२ को सम्बन्धमा छलफल गर्दा सुनकोशी गाउँपालिकाको स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ स्वीकृत गर्ने भनी निर्णय गरियो।

२३. प्रस्ताव नं. २३ को सम्बन्धमा छलफल गर्दा सुनकोशी गाउँपालिकाको स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नवीकरण सम्बन्धी निर्देशिका, २०८२ स्वीकृत गर्ने भनी निर्णय गरियो।

२४. प्रस्ताव नं. २४ को सम्बन्धमा छलफल गर्दा सुनकोशी गाउँपालिकाको लेखा समिति गठन तथा कार्यसञ्चालन कार्यविधि, २०८२ स्वीकृत गर्ने भनी निर्णय गरियो।

२५. प्रस्ताव नं. २५ को सम्बन्धमा छलफल गर्दा सुनकोशी गाउँपालिकाको बेरुजु फछ्र्यौट कार्यविधि, २०८२ स्वीकृत गर्ने भनी निर्णय गरियो।

२६. प्रस्ताव नं. २५ को सम्बन्धमा छलफल गर्दा सुनकोशी गाउँपालिकाको गाउँ सभा सचिवालय स्थापना तथा कार्यसञ्चालन कार्यविधि, २०८२ स्वीकृत गर्ने भनी निर्णय गरियो।

२७. प्रस्ताव नं. २६ को सम्बन्धमा छलफल गर्दा सुनकोशी गाउँपालिकाको गैह्र सरकारी संस्था सहकार्य सम्बन्धी निर्देशिका, २०८२ स्वीकृत गर्ने भनी निर्णय गरियो।

२८. प्रस्ताव नं. २७ को सम्बन्धमा छलफल गर्दा सुनकोशी गाउँपालिकाको कार्य सञ्चालन निर्देशिका, २०८२ स्वीकृत गर्ने भनी निर्णय गरियो।

२९. प्रस्ताव नं. २९ को सम्बन्धमा छलफल गर्दा सुनकोशी गाउँपालिकाको सार्वजनिक सेवा प्रवाह मापदण्ड, २०८२ स्वीकृत गर्ने भनी निर्णय गरियो।

लोकेन्द्र बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत

३०. प्रस्ताव नं. ३० को सम्बन्धमा छलफल गर्दा सुनकोशी गाउँपालिकाको आ.व. २०८२/८३ को बजेट तथा कार्यक्रम थप तथा संशोधनको लागि गाउँ सभामा पेश गर्ने भनी निर्णय गरियो।

३१. प्रस्ताव नं. ३१ को सम्बन्धमा छलफल गर्दा सुनकोशी गाउँपालिकाको वडा नं. ८ स्थित रहेको श्री कालिका आधारभूत विद्यालय, जोरधारालाई खेलमैदान निर्माणको लागि सुनकोशी गाउँपालिका वडा नं. ८ साबिक च्यानाम गा.वि.स-९ का सिब बहादुर श्रेष्ठले आफ्नो नाममा रहेको कित्ता नं. ८९८ को जग्गा निशूल्क रूपमा उपलब्ध गराउने भएकोले विद्यालयले विद्यालयको नाममा कायम गर्न सिफारिस पाउँ भनी निवेदन प्राप्त भएकोले सोको लागि सिफारिस दिने भनी निर्णय गरियो।

३२. प्रस्ताव नं. ३२ को सम्बन्धमा छलफल गर्दा सुनकोशी गाउँपालिकाको दीर्घ रोगी, असहाय गरिबहरुलाई औषधी उपचार खर्च दिने नीति भएकोले तपसिलका व्यक्तिहरुलाई तपसिल बमोजिम आर्थिक सहायता दिने भनी निर्णय गरियो।

तपसिलः-

| क्र.सं. | बिरामीको नाम, थर | ठेगाना | रकम | कैफियत |
|---|---|---|---|---|
| १. | मोतिलाल गौतम | सुनकोशी गाउँपालिका-६ | २५,००० | क्यान्सर रोगी |
| २. | एञ्जल खत्री | सुनकोशी गाउँपालिका-९ | २५,००० | गरिब असहाय |
| ३. | सिता माया तामाङ | सुनकोशी गाउँपालिका-५ | २५,००० | क्यान्सर रोगी |
| ४. | दिल बहादुर रोका क्षेत्री | सुनकोशी गाउँपालिका-२ | २५,००० | मुटु रोगी |
| ५. | लाली माया दर्जी | सुनकोशी गाउँपालिका-६ | २५,००० | गरिब असहाय |
| ६. | सुरेश कुमार गौतम | सुनकोशी गाउँपालिका-६ | २५,००० | गरिब असहाय |
| ७. | सिता माया तामाङ | सुनकोशी गाउँपालिका-६ | २५,००० | क्यान्सर रोगी |
| ८. | पुर्णी माया मगर | सुनकोशी गाउँपालिका-६ | २५,००० | मुटु रोगी |

लोकेन्द्र बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत

३३.प्रस्ताव नं. ३३ को सम्बन्धमा छलफल गर्दा सुनकोशी गाउँपालिकाको आ.व. २०८२/८३ को बजेट तयथा कार्यक्रम अन्तरगत गरीबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन देहाय बमोजिम गर्ने भनी कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो।

देहायः-

| क्र.स | कार्यक्रम | ईकाई | लक्ष्य | जम्मा बजेट | कैफियत |
|---|---|---|---|---|---|
| (क) | लघु उद्यमीको स्तरोउन्नति | | | | |
| (१) | सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा वृद्धि गर्नका लागि ५ जनाको समूहमा प्रविधि हस्तान्तरण कार्यक्रम | समूह | ५ | २,००,००,० | |
| (ख) | नँया लघु उद्यमी सिर्जना | | | | |
| (१) | गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ बमोजिम लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना कार्यक्रम | जना | ३० | ३,३६,००० | |
| (२) | सिप विकास तालिम सञ्चालन कार्यक्रम | जना | २५ | २,१०,००० | |
| (३) | अभिमूखीरण,फारम ए र बि तथा उद्यमशीलता विकास (SIYB-tot) तालिम कार्यक्रम | जना | ३० | ७०,००० | |
| (४) | लघु उद्यम विकास समिति बैठक खर्च | पटक | २ | २६,००० | |
| (५) | अनुगमन तथा कार्यलय सञ्चालन र विविध खर्च | | | ४०,००० | |
| (ग) | उद्यमविकास सहजकर्ता पारिश्रमिक तलब भत्ता | जना | १ | ४,५४,००० | |
| कुल जम्मा रकम - रु दश लाख मात्र । | | | | १०,००,००० | |

लोकेन्द्र बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत

३४.प्रस्ताव नं. ३४ को सम्बन्धमा छलफल गर्दा सुनकोशी गाउँपालिकाको वडा नं. ५ को रुपा तामाङ उच्च शिक्षा अध्ययन गरिरहेकोमा निज दृष्टिविहिन रुपमा अपाङ्गता रहेको र आर्थिक रुपमा कमजोर भएकोले निजलाई वार्षिक रुपमा गाउँपालिकाले रु. ३०,००० (तीस हजार) छात्रवृद्धि दिने भनी निर्णय गरियो। सुनकोशी गाउँपालिकाको वडा नं. ६ र वडा नं. ८ को वडास्तरीय बजेट शीर्षकबाट श्री दामती मा.वि. र जगतजनीम मा.वि.मा कार्यरत निजी स्रोतको शिक्षकहरुको तलब भत्ता दिने भनी निर्णय गरियो।

लोकेन्द्र बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत